Damak Campus Journal 2023, **11 (1): 116-122**
ISSN : 2565-4772 (Print)

# प्रायोगिक भाषाविज्ञानको क्षेत्र

**लिलाराम निरौला**
नेपाली विभाग
दमक बहुमुखी क्याम्पस
E-mail: niroulalilaram215@gmail.com

**लेखसार**

*विचार विनिमयको माध्यम भाषा हो । मानिसले आफ्ना मनका इच्छा चाहना भावना आदिलाई बोलीको माध्यमबाट अरुसमक्ष प्रस्तुत गर्दछ र अरुका विचारहरुलाई पनि ग्रहण गर्दछ । यसरी मानवीय उच्चारण अवयवबाट उच्चरित सार्थक ध्वनिहरुको समूहलाई नै हामी भाषा भनेर चिन्दछौँ । हुन त पशुपंक्षी, जनवार आदि जीव जन्तुले पनि आफ्ना विचारहरु आपसमा साट्ने र बुझ्नेसम्म पनि गर्दछन् तर त्यसलाई हामी भाषा भन्दैनौँ । मानिसले पनि विभिन्न माध्यमबाट आफ्ना विचारहरु एक अर्कामा साटासाट गरिहेका हुन्छन् । जस्तै आँखा झिम्क्याएर, हातले इसारा गरेर, ताली बजाएर आदि यस्ता खालका आवजलाई पनि भाषावैज्ञानिक सन्दर्भमा भाषा मानिँदैन । खासगरी स्वर र व्यञ्जन वर्णका ध्वनिहरु छुट्याउन सकिनेगरी मानिसका उच्चारण अवयवबाट उच्चरित सार्थक आवाजलाई मात्र भाषा भनिन्छ ( भुषाल , केशव , (२०७५) भाषाविज्ञान) । भाषाको विकास मानव सभ्यताको सुरुवातदेखि नै भएको हो भन्नेकुरा सहज अनुमान लगाउन सकिन्छ । जीवनयापन गर्ने क्रममा आफूलाई आइपरेका विभिन्न अनुभवहरु साटासाट गर्न मानिसले प्रयोग गर्ने माध्यम नै भाषा हो । विचार विनिमयका लागि प्रयोग गरिने भाषाको वैज्ञानिक र व्यवस्थि ढङ्गले अध्ययन गर्ने शास्त्रलाई नै भाषाविज्ञान भनिन्छ । सामान्य भाषाविज्ञान र प्रायोगिका भाषाविज्ञान गरी भाषाविज्ञानलाई दुई प्रकारमा विभाजन गरिन्छ । सामान्य भाषाविज्ञानले भाषाका सार्वभौम मान्यता , विशेषता , सिद्धान्त , नियम ... प्रतिपादन गर्ने गर्दछ भने त्यस्ता प्रतिपादित तथ्यहरुलाई विधिसम्मत प्रयोग गर्ने कार्य प्रायोगिक भाषाविज्ञाज अन्तर्गत गरिन्छ । तसर्थ सामान्य भाषाविज्ञान सैद्धान्तिक हुन्छ भने प्रायोगिक भाषाविज्ञान व्यावहारिक हुन्छ । प्रस्तुत अध्ययनमा प्रयोगिक भाषाविज्ञानका के कस्ता क्षेत्र छन् भनी खोज गर्नु र विश्लेषण गर्नु अध्ययनको उद्देश्य रहेको छ । यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा प्रस्तुत गरिएको छ भने अनुसन्धानमा विभिन्न प्रकाशनहरुबाट प्रकाशित पुस्तक , लेख आदिलाई सूचना सङ्कलनका स्रोत मानिएको छ । सूचनाहरु धेरैजसो द्वितीय स्रोतबाट नै लिई व्याख्यात्मक र विश्लेषणात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । प्रायोगिक भाषाविज्ञानका सीमित र व्यापक गरी दुईओटा क्षेत्र रहेका र ती क्षेत्रभित्र पनि विभिन्न विधा(क्षेत्र) रहेका छन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जिका :** प्रायोगिक, कोशविज्ञान, अनुवादविज्ञान, मनोभाषाविज्ञान, सीमित, व्यापक, प्रकरणार्थ, व्यतिरेक

## परिचय

सामान्य भाषाविज्ञानले भाषाका सिद्धान्त, नीति, नियम जस्ता कुराहरु पत्ता लगाउने काम गर्छ भने त्यस्ता पत्ता लगाएका तथ्यहरुलाई प्रयोग गरी व्यावहारिक बनाउने काम प्रायोगिक भाषाविज्ञानले गर्दछ । प्रायोगिक भाषाविज्ञानअन्तर्गत गरिने विभिन्न अध्ययन अनुसन्धानको क्षेत्रलाईनै प्रायोगिक भाषाविज्ञानको क्षेत्र भनिन्छ । यसअन्तर्गत कुन कुन विषयहरु समेटिने , के कस्ता पक्षहरुको अध्ययन गर्ने भन्ने विषय नै प्रयोगिक भाषाविज्ञानको क्षेत्र हो (खनाल, २०७६) । पूर्वीय , पाश्चात्य भाषिक चिन्तन र युरोपेली ,अमेरिकाली भाषिक पृष्ठभूमिका साथ सन् १९५० को दशकपछि द्रुततर रुपमा विकसित हुँदै गएको प्रायोगिक भाषाविज्ञानले विश्वभरमा नै धेरै उपलब्धि प्राप्त गरिसकेको छ । अहिले आइपुग्दा प्रायोगिक भाषाविज्ञान विधागत र भौगोलिक दृष्टिले समुन्नत बन्न पुगेको देखिन्छ ।

प्रायोगिक भाषाविज्ञानको विकाससँगै यसको क्षेत्र विस्तार भएको पाइन्छ । प्रचीन समयमा यसले थोरै क्षेत्र समेटेको हुँदा यसको क्षेत्र पनि सीमित थियो तर समयको विकाससँगै यसको व्यापक क्षेत्र विस्तार भएको पाइन्छ । सीमित क्षेत्रअन्तर्गत भाषाशिक्षणसँगै सम्बन्धित विषयवस्तुलाई राख्न सकिन्छ । यसमा पहिलो भाषा, दोस्रो भाषा, शास्त्रीय भाषा, भाषा पाठ्यक्रम पाठ्यपुस्तक छनोट र स्तरणका कुराहरु पर्दछन् भने बृहत् वा व्यापक क्षेत्रभित्र भाषाशिक्षण मात्र नभएर भाषाको प्रयोगात्मक पक्षसँग सम्बन्धित कोशविज्ञान, अनुवादविज्ञान,मनोभाषाविज्ञान आदि विषयहरु पर्दछन् । प्रायोगिक भाषाविज्ञानको बारेमा Robert B Kaplan ले सन् १९६९मा On the scope of applied linguists नामक पुस्तक लेखे । यस पुस्तकमा उनले प्रायोगिक भाषाविज्ञानको नयाँ परिवेशअनुरुपको परिभाषा दिनुका साथै यसको इतिहास र क्षेत्रहरुको उल्लेख गरेका छन् (खनाल, २०७६)।

बेल्जियमको राजधानी ब्रसेल्समा सन् १९८४ मा भएको प्रायोगिक भाषाविज्ञानको सातौं विश्व सम्मेलनले प्रायोगिक भाषाविज्ञानको क्षेत्रसम्बन्धी विविध मान्यताहरु प्रस्तुत गरेको छ । प्रायागिक भाषाविज्ञानमा विकासोन्मुख राष्ट्रहरुका भाषिक समस्याहरु उपनिवेशवादबाट सिकिएका भाषिक परिणामहरु, राष्ट्रभाषाका समस्याहरु र साक्षरता कार्यक्रमहरुको अध्ययन, मातृभाषा र विदेशी भाषाशिक्षण र सिकाइको अध्ययन, सम्प्रेषण र अन्तरक्रिया आदिको अध्ययन तथा तार्किक भाषाविज्ञान, भाषिक यन्त्रविज्ञान, परिमाणात्मक भाषाविज्ञान , तर्क र भाषा आदिको अध्ययन यस विज्ञानअन्तर्गतका प्रमुख क्षेत्रहरु मानिएका छन् (खनाल, २०७६) ।

प्रायोगिक भाषाविज्ञानको विकास भाषावैज्ञानिक अध्ययनलाई दोस्रो भाषाशिक्षषका सन्दर्भमा देखापर्ने समस्याहरुको समाधानका लागि उपयोग गर्ने दृष्टिकोणबाट भएको पाइन्छ । भाषावैज्ञानिक अध्ययनको विकास र विस्तार हुँदै जाँदा अन्य क्षेत्रका समस्याहरुको समाधान पनि यसको उपयोगिताबाट हुन थाल्यो । भाषासँग सम्बन्धित अन्य विभिन्न क्षेत्रमा काम गर्ने विद्वानहरुले पनि भाषावैज्ञानिक अध्ययनको उपयोग हुन सक्ने सम्भावनाको खोजी गरे । यसपछि प्रायोगिक भाषाविज्ञानको क्षेत्र पहिले जस्तो भाषाशिक्षणमा मात्र सीमित रहेको छैन । अध्ययन अनुसन्धान र विषयगत रुचि बढ्दै गएपछि यसको क्षेत्र विस्तार हुँदै गएको पाइन्छ तथापि प्रयोगिक भाषाविज्ञानको क्षेत्रका सम्बन्धमा विद्वानहरुका बिच एकै प्रकारको धारणा पाइँदैन । सन् १९६० को दशकमा प्रयोगिक भाषाविज्ञानको क्षेत्रमा अध्ययन अनुसन्धान भएपछि यसका क्षेत्रहरुको सम्बन्धमा परिवर्तित धारणाहरु रहेको पाइन्छ (खनाल, २०७६) । निष्कर्षतः प्रयोगिक भाषाविज्ञानका सीमित र व्यापक गरी दुईओटा क्षेत्र रहेको पुष्टि हुन्छ ।

**समस्या कथन**

मनव सभ्यताको विकाससँगै भाषाको विकास भएको पाइन्छ । भषाका माध्यमबाट (५स) सभ्यता, समय, समाज,समस्या र समाधान लगाइयका सम्पूर्ण कुरा हस्तान्तरण गर्ने कार्य सहजरुपमा गर्न सकिन्छ । यस्ता कार्यलाई व्यवस्थापन गर्ने काममा सामान्य भाषाविज्ञान र प्रायोगिक भाषाविज्ञानले ठूलो योगदान पुऱ्याएका छन् । प्रस्तुत अध्ययनमा प्रायोगिक भाषाविज्ञानको क्षेत्र निर्धारण गर्ने क्रममा नेपालका भाषविद्हरुका तर्फबाट के कति काम भएका छन् र अझै के कस्ता दुविधा रहेका छन् भनी खोजी गर्नु नै यस विषयको समस्याको रुपमा रहेको छ ।

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययनको उद्देश्य प्रायोगिक भाषाविज्ञानका क्षेत्रहरु निर्धारण गरी विश्लेषण गर्नु रहेको छ ।

## पूर्वकार्यको पुनरावलोकन

प्रायोगिक भाषाविज्ञानको क्षेत्र निर्धारणका सन्धर्भमा विभिन्न भाषाविदहरुले फरक फरक प्रयोजनका लागि प्रकाशन गरेका पाठ्यसामग्रीहरु उपलब्ध छन् । त्यस्ता सामग्रीहरुले यो अनुसन्धान अगाडि बढाउनको लागि सहयोग पुऱ्याउने छन् ।

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातक तह तेस्रो वर्ष ऐ. नेपाली अध्ययन गर्ने विद्यार्थीहरुका लागि प्रायोगिक भाषाविज्ञान (ने. पा. शि. ४३३) साथै शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह प्रथम सेमेस्टरमा ऐ. नेपाली अध्ययन गर्ने विद्यार्थीहरुका लागि प्रायोगिक भाषाविज्ञान (ने. पा.शि. ५१८) को पाठ्क्रममा पनि यो विषय समावेश भएकाले यो अनुसन्धानलाई त्यस्ता पाठ्यक्रमसँग सम्बन्धित पाठ्यपुस्तकले सहयोग पुऱ्याउने छन् ।

भुसाल (२०७८), द्वारा लिखित प्रायोगिक भाषाविज्ञान : सङ्कथन शैली र प्रकरणर्थविज्ञान नामक पुस्तकमा प्रायोगिक भाषाविज्ञान र यस निबद्ध महत्तम क्षेत्रहरु शीर्षकमा चर्चा गरिएको छ । यस पुस्तकमा प्रायोगिक भाषाविज्ञानका क्षेत्र अन्तर्गत सीमित र व्यापक क्षेत्र समावेश गरिएको छ । सो पुस्तकले यस अध्ययनलाई थप नयाँ कुरा खोज्दै अगाडि बढाउन सहयोग बढाउने छ ।

खनाल (२०६७), द्वारा लिखित प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र नामक पुस्तकमा विशिष्ट (सीमित) र व्यापक (सामान्य) क्षेत्र भनी छुट्याइएको छ । जसमा विशिष्ट (सीमित) क्षेत्र अन्तर्गत आठओटा र सामान्य (व्यापक) क्षेत्र अन्तर्गत बाह्रओटा क्षेत्र भनी चर्चा गरिएको छ । उक्त पुस्तकले अध्ययनका लागि नयाँ कुरा खोज्न सहयोग पुऱ्याउँछ ।

ढकाल (२०६७), द्वारा लिखित प्रायोगिक भाषाविज्ञान नामक पुस्तकमा प्रायोगिक भाषाविज्ञानका क्षेत्र भनेर सीमित क्षेत्र (लघु क्षेत्र) र व्यापक क्षेत्र (बृहद् क्षेत्र) भनिएको छ । जसमा सीमित क्षेत्र अन्तर्गत छओटा र व्यापक क्षेत्र अन्तर्गत दसओटा क्षेत्रको चर्चा गरिएको छ । उक्त पुस्तकले पनि अध्ययनका लागिसहयोग पुऱ्याएको छ ।

ओझा (२०७४), द्वारा लिखित प्रायोगिक भाषाविज्ञान नामक पुस्तकमा प्रायोगिक भाषाविज्ञानका क्षेत्र भनेर सीमित र व्यापक क्षेत्र अन्तर्गत राखेर वर्णन गरिएको छ । जसमा सीमित क्षेत्रअन्तर्गत आठओटा र व्यापक क्षेत्रअन्तर्गत दसओटा क्षेत्रको चर्चा गरिएको छ । यस पुस्तकमा मनोभाषाविज्ञानलाई सीमित क्षेत्रमा राखेर चर्चा गरिएको छ तर मनोभाषाविज्ञान प्रायोगिक भाषाविज्ञानको व्यापक क्षेत्रअन्तर्गत पर्नेकुरा सिद्धान्त अनुसार केही हदसम्म पुष्टि हुन्छ यद्यपि यो पुस्तकले पनि अध्ययनका लागि नयाँ कुरा खोज्न सहयोग पुऱ्याएको छ ।

## अध्ययन विधि र सामग्री सङ्कलन

यस अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा प्रस्तुत गरिएको छ । अनुसन्धान कार्यलाई अगाडि बढाउने क्रममा विभिन्न पुस्तक, लेख, ग्रथ, पत्रपत्रिका आदि तथा सामाजिक सञ्जालमार्फत् आवश्यक कुराकानी गरी आवश्यक सूचना सङ्कलन गरिएको छ । पुस्तकालय अध्ययन विधिलाई पनि आधार बनाएर सामग्री सङ्कलन गरिएको छ । यस अनुसन्धानमा सूचनाहरु पूर्ण रुपमा द्वितीय स्रोतबाट साभार गरिएको छ । प्राप्त सूचनालाई व्याख्यात्मक तथा विश्लेषणात्मक पद्धतिबाट अनुसन्धानको निष्कर्षमा पुगिएको छ ।

## परिणाम तथा छलफल

प्रायोगिक भाषाविज्ञानको क्षेत्रका सन्र्दभमा विभिन्न विद्वान तथा भाषाशास्त्रीहरुले चर्चा परिचर्चा साथै व्याख्या विश्लेषण गरेका छन् । यस सन्दर्भमा सामान्यतया सबै भाषाशास्त्रीहरुले सीमित क्षेत्र र व्यापक क्षेत्र भनेर चर्चा गरेका छन् तर सीमति क्षेत्र र व्यापक क्षेत्र अन्तर्गतका शीर्षकमा भने एकरुपता पाइँदैन । यसका साथै कतिपय भाषाशास्त्रीहरुले सीमित क्षेत्र र व्यापक क्षेत्र अन्तर्गतका शीर्षकलाईनै यता उता बनाएको (सीमित क्षेत्र अन्तर्गतका विषयलाई व्यापक क्षेत्रमा समावेश गरी चर्चा गरिएको) पनि पाइन्छ । जसले गर्दा पाठक तथा विद्यार्थी वर्गमा केही अन्योलको स्थिति पनि उत्पन्न हुन्छ । ओझा(२०७४), ले प्रयोगिक भाषाविज्ञान नामक पुस्तकको पेज नं. ८ र ९मा प्रयोगिक भाषाविज्ञानको क्षेत्रका बारेमा चर्चा गरेको तर मनोभाषाविज्ञानलाई व्यापक क्षेत्रअन्तर्गत समावेश नगरेर सीमित क्षेत्रमा राखेर चर्चा गरिएको छ यसले विद्यार्थी तथा पाठकमा अन्योल सिर्जना गरेको देखिन्छ । यद्यपि मनोभाषाविज्ञान चाहिँ प्रयोगिक भाषाविज्ञानको व्यापक क्षेत्रअन्तर्गत पर्ने कुरामा धेरै भाषाशास्त्रीहरु सहमत भएका र सिद्धान्ततः पनि यही नै रहेको छ ।

**प्रायोगिक भाषाविज्ञानको क्षेत्रका सन्र्दभमा विभिन्न विद्वान् तथा भाषाशास्त्रीहरुको चर्चा परिचर्चा** :

ढकाल (२०६७), ले प्रायोगिक भाषाविज्ञान नामक पुस्तकमा प्रायोगिक भाषाविज्ञानको क्षेत्र भनेर निम्नानुसारका उप शीर्षकमा विभाजान गरेको पाइन्छ :

**<u>प्रायोगिक भाषाविज्ञानको क्षेत्र :</u>**

| **सीमित क्षेत्र (लघु क्षेत्र) :** | **व्यापक क्षेत्र (बृहद् क्षेत्र) :** |
|---|---|
| भाषाशिक्षण | शिक्षाशास्त्रीय भाषाविज्ञान |
| शैक्षणिक व्याकरण लेखन | सङ्कथन विश्लेषण |
| पाठ्यक्रम निर्माण | अनुवाद विज्ञान |
| व्यतिरेकी विश्लेषण | भाषा योजना |
| त्रुटि विश्लेषण | कोश विज्ञान |
| पठ्यपुस्तक लेखन / सम्पादन | शैली विज्ञान |
| | सामाजिक भाषाविज्ञान |
| | मनोभाषाविज्ञान |
| | प्रचीन ग्रन्थ सम्पादन भाषाविज्ञान |

खनाल (२०७६), ले प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र नामक पाठ्यपुस्तकमा सीमित अर्थमा प्रायोगिक भाषाविज्ञानको क्षेत्र र व्यापक अर्थमा प्रायोगिक भाषाविज्ञानको क्षेत्र भनी निम्नानुसार चर्चा गरेको पाइन्छ :

**प्रायोगिक भाषाविज्ञानको क्षेत्र**

| **विशिष्ट क्षेत्र(सीमित)** | **सामान्य क्षेत्र(व्यापक)** |
|---|---|
| भाषाशिक्षण | सामाजिक भाषाविज्ञान |
| व्यतिरेकी विश्लेषण | मनोभाषाविज्ञान |
| त्रुटि विश्लेषण | सङ्कथन विश्लेषण |
| भाषा पाठ्यक्रम निर्माण तथा विश्लेषण | शैली विज्ञान |
| भाषा पाठ्यपुस्तक निर्माण तथा विश्लेषण | कोश विज्ञान |
| शैक्षणिक व्याकरण | अनुवाद विज्ञान |
| भाषिका मूल्याङ्कन | प्रकरणार्थ विज्ञान |
| शिक्षा शास्त्रीय भाषाविज्ञान | कम्प्युटर भाषाविज्ञान |
| | भाषा योजन |
| | अभिलेख तथा पाण्डुलिपि विज्ञान |
| | बोलीको उपचार |

भुषाल (२०७८), ले प्रायोगिक भाषाविज्ञान सङ्कथन, शैली र प्रकरणार्थविज्ञान नामक पुस्तकमा प्रायोगिक भाषाविज्ञानका क्षेत्रलाई सीमित क्षेत्र र व्यापक क्षेत्र भनेर चर्चा गरेका छन् । उनका अनुसारः

**प्रायोगिक भाषाविज्ञानको क्षेत्र**

| **सीमित क्षेत्र** | **व्यापक क्षेत्र** |
|---|---|
| भाषाशिक्षण | सङ्कथन विश्लेषण |
| व्यतिरेकी विश्लेषण | शैलीविज्ञान |
| त्रुटि विश्लेषण | अपराध अनुसन्धान भाषाविज्ञान |
| पाठ्यक्रम निर्माण | कोशविज्ञान |
| पाठ्यपुस्तक लेखन | अनुवादविज्ञान |
| भाषिक मूल्याङ्कन | प्रकरणार्थ विज्ञान |
| शैक्षणिक व्याकरण | सामाजिक भाषाविज्ञान |
| शैक्षणिक भाषाविज्ञान | मनोभाषाविज्ञान |
| द्विभाषिकता /बहुभाषिकता | स्नायुविज्ञान |
| शिक्षण पद्धति र विधि | मानवशास्त्रीय भाषाविज्ञान |
| शैक्षणिक समस्या अध्ययन | जातिभाषिक अध्ययन |
| | प्रतीकविज्ञान |
| | भाषिकाविज्ञान |
| | गणितीय भाषाविज्ञान |
| | अर्थशास्त्रीय भाषाविज्ञान |
| | कर्पस भाषाविज्ञान |
| | सूचना तथा सञ्चार विज्ञान |
| | भाषा योजना |
| | पाठ विश्लेषण |
| | क्लिनिकल भाषाविज्ञान |
| | कम्प्युटर भाषाविज्ञाज्ञान |
| | इन्टरनेट भाषाविज्ञान |

प्रयोगिक भाषाविज्ञानको क्षेत्रबारे विभिन्न भाषाविद्हरुका फरक-फरक मत रहेको पाइन्छ । मुख्य क्षेत्रका सन्दर्भमा सीमित क्षेत्र र व्यापक क्षेत्र रहेकोमा सबै भाषाविद्हरु सहमत रहे पनि यी क्षेत्रभित्र रहने उपक्षेत्रमा भने धारणा फरक छ । कतिपय भाषाशास्त्रीले सीमित क्षेत्रमा चर्चा गरेको शीर्षकलाई कसैले व्यापक क्षेत्रमा समावेश गरेको पाइन्छ । यसले पाठकमा अन्योल उत्पन्न गराएको पाइन्छ । ओझा (२०७४), द्वारा प्रकाशित प्रायोगिक भाषाविज्ञान नामक पुस्तकमा यसका क्षेत्रका सन्दर्भमा फरक मत पाइन्छ । उनले मनोभाषाविज्ञानलाई सीमित क्षेत्रमा चर्चा गरेका छन् तर सिद्धान्ततः मनोभाषाविज्ञानको चर्चा धेरैले व्यापक क्षेत्र अन्तर्गत गरेको पाइन्छ । पुस्तक लेखकसँग यसबारेमा जिज्ञासा राख्दा सीमित क्षेत्रमै समावेश गर्नुपर्ने धारण व्यक्त गरे । लेखकका अनुसार मनोभाषाविज्ञानलाई सामान्य ढङ्गले अध्ययन विश्लेषण गर्दा प्रत्यक्षरुपमा भाषाशिक्षणसँग नै सम्बन्धित रहेकाले प्रथमतः यसलाई सीमित क्षेत्रमै राखेर चर्चा गर्नु उपयुक्त हुन्छ (म्यासेन्जर कलमा कुराकानी २०८०/०४/२७) ।

खासगरी प्रायोगिक भाषाविज्ञानका क्षेत्रबारे दुई किसिमका मत देखा परेका छन्:

## पहिलो मत

प्रायोगिक भाषाविज्ञानलाई भाषाशिक्षण र यस सम्बद्ध क्षेत्रमा मात्र सीमित गर्नुपर्छ । यस धारणाका पक्षधर विद्वानका रुपमा विडोसन, आलनलगायत रहेका छन् । जसले अहिलेसम्म पनि प्रयायोगिक भाषाविज्ञानको विस्तृत क्षेत्रलाई स्वीकार गरेका छैनन् । प्रायोगिक भाषाविज्ञान सैद्धान्तिक भाषाविज्ञान र भाषिक ज्ञानका बिच मध्यस्थता गर्ने क्षेत्र हो । जसको प्रयोग विश्वका वास्तविक समस्या समाधानतर्फ केन्द्रित हुनुपर्छ भुषाल (२०७८), ।

## दोस्रो मत

प्रायोगिक भाषाविज्ञानले भाषा प्रयोगका अनेकन क्षेत्र समेट्ने हुनाले भाषाशिक्षणमा मात्र सीमित गर्न सकिँदैन । यस धारणाका पक्षधर विद्वानका रुपमा कुकलगायत देखा परेका छन् । जसले प्रायोगिक भाषाविज्ञानको क्षेत्रलाई भाषाशिक्षका अतिरिक्त व्यापक क्षेत्रका रुपमा प्रस्तुत गरेका छन् । यथार्थतः प्रयोगिक भाषाविज्ञानको दायरा यति धेरै बढेर गएको छ कि जसलाई सीमित गर्न निकै कठिन हुँदै गएको छ भुषाल (२०७८), ।

## निष्कर्ष

प्रायोगिक भाषाविज्ञानको क्षेत्रका सम्बन्धमा विभिन्न भाषाशास्त्रीहरुले विश्लेषण गरेका छन् । यस क्रममा धेरैजसो विद्वानहरुका विचार समान भएपनि केही मतहरु फरक पनि देखिएको छ । यति हुँदा हुँदै पनि मुख्य रुपमा सीमित र व्यापक क्षेत्र रहेको कुरामा भने सबै सहमत रहेका छन् । वर्गीकरणका क्रममा कसैले सीमित क्षेत्रमा समावेश गरेका विधालाई कसैले व्यापक क्षेत्रमा समवेश गरेको पाइयो तर समग्रमा हेर्दा र व्यापक अध्ययन, अनुसन्धान र विश्लेषण गर्दा व्यापक क्षेत्रलाई सीमित क्षेत्रमा समावेश गर्नु भुलवस भएको पो हो कि भन्ने बुझ्न सकिन्छ । समग्रमा प्रायोगिक भाषाविज्ञानको दुईओटा क्षेत्र : सीमित र व्यापक रहेका छन् । खास गरेर भाषाशिक्षणसँग प्रत्यक्ष सम्बन्धित विषयलाई सीमित क्षेत्रमा चर्चा गरिएको र भाषाशिक्षणसँग अप्रत्यक्ष सम्बन्ध राख्ने र यसबाहेकका क्षेत्रलाई व्यापक क्षेत्रमा राखेर चर्चा गरेको तथ्य निष्कर्षका रुपमा प्रस्तुत गरिन्छ ।

## सन्दर्भसूची


अधिकारी, नारायणप्रसाद (२०६५) *भाषाविज्ञान,* काठमडौंः सुप्रवाह प्रकाशन प्रा. लि. ।

ओझा, रामनाथ (२०७४) *प्रायोगिक भाषाविज्ञान,* काठमडौंः करुधरा पब्लिकेशन प्रा. लि. ।

खनाल, राजेन्द्र (२०७६) *प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र,* काठमडौंः सनलाइट पब्लिकेशन ।

ढकाल, शान्तिप्रसाद (२०६७) *प्रायोगिक भाषाविज्ञानका* , काठमाडौं : शुभकामना प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि र अन्य (२०६७) *सामान्य भाषाविज्ञान,* सनलाइट पब्लिकेसन ( स्टुडेन्ट्स बुक्स), कीर्तिपुर, काठमाडौं ।

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) विद्यार्थी प्रकाशन प्रा. लि. , काठमाडौं ।

भट्टराई, रामप्रसाद (२०६५) *भाषिक अनुसन्धान विधि,* काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६८) *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेशन ।

भण्डारी, पारसमणि र अन्य (२०६८) *प्रयोगिक भाषाविज्ञानका प्रमुख आयाम,* विद्यर्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।

भुषाल, केशव, (२०७८) *प्रायोगिक भाषाविज्ञान,* क्वेस्ट पब्लिकेसन प्रा.लि., कीर्तिपुर, काठमाडौं ।

भुषाल, केशव,(२०७५) *भाषाविज्ञान,* सनलाइट पब्लिकेसन, कीर्तिपुर, काठमाडौं।